मुक्तिनाथ दर्शन सेवा
दैनिक माइक्रोबस छुट्ने समय :
बिहान ६:३० बजे

पोखरा साइडसिन सेवा
पोखरा उपत्यका घुम्नका लागि बस छुट्ने समय : बिहान ९:00 बजे
रुट नं. १ : पुम्दीकोट, शान्ति स्तुपा, डेभिजफल, फेवाताल, विन्ध्यवासिनी मन्दिर, महेन्द्र गुफा
रुट नं. २ : बेगनास ताल, रुपा ताल, इन्टरनेशनल माउन्टेन म्युजियम, पचभैया वन्यजन्तु चिडियाघर

मानसरोवर ट्राभल एण्ड टुर्स प्रा.लि.
नागढुंगा, पोखरा-९, फोन नं : 061-589012
544439, 9856051659, 9856034631

राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily

रू. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २६ ❑ अङ्क २१६ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८२ भाद्र १ गते आइतबार ❑ 17 Aug. 2025 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।–

## 'तनहुँ जलविद्युत् आयोजना समयमा सम्पन्न गर्न सहजीकरण गर्छौं'

**पोखरापत्र संवाददाता**
दमौली, ३१ साउन

गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले तनहुँ जलविद्युत् आयोजना समयमा सम्पन्न गर्न प्रदेश सरकारले सहजीकरण गर्ने बताउनुभएको छ।

ऋषिङ गाउँपालिका-१ मा निर्माणाधीन एक सय ४० मेगावाट क्षमताको आयोजनाको शनिबार निरीक्षण गर्दै उहाँले आयोजना निर्धारित समयमा सम्पन्न गर्नुपर्नेमा जोड दिनुभयो।

आयोजना निर्माणका क्रममा आइपर्ने समस्या समाधानका लागि प्रदेश सरकारले सहजीकरण गर्ने मुख्यमन्त्री पाण्डेको भनाइ छ। उहाँले तनहुँ जलविद्युत् आयोजनाले देशको ऊर्जा क्षेत्रमा महत्त्वपूर्ण योगदान दिने उल्लेख गर्नुभयो।



मुख्यमन्त्री पाण्डेले तनहुँ जलविद्युत् आयोजनाको 'प्याकेज-१' अन्तर्गत बाँध निर्माणस्थल र 'प्याकेज-२' अन्तर्गत विद्युत् गृहको निरीक्षण गर्नुभएको थियो। उहाँलाई आयोजना प्रमुख श्यामजी भण्डारीले हालसम्मको कार्यप्रगतिका बारेमा जानकारी गराउनुभयो। प्याकेज-१ अन्तर्गत १४० मिटर अग्लो बाँध निर्माणका लागि सोङ्ददा कर्पोरेसन, भियतनाम-कालिका कन्सट्रक्सन प्रालि नेपाल जेभीसँगको ठेक्का सम्झौता विसं २०७८ भदौ १४ गतेदेखि कार्यान्वयनमा आएको थियो। यसको हालसम्मको प्रगति ४३ दशमलव पाँच प्रतिशत रहेको छ। भण्डारीका अनुसार प्याकेज-२ अन्तर्गतको विद्युत् भित्र संरचनागत कार्य सम्पन्न भई उपकरण जडान भइरहेको छ। यसअन्तर्गत भूमिगत विद्युत् गृहमा ६७ र 'प्याकेज-३' अन्तर्गत प्रसारणलाइन निर्माणमा ७४ प्रतिशत प्रगति भएको उहाँले जानकारी दिनुभयो। उहाँका अनुसार आयोजनाको समग्र निर्माण विसं २०८३ असारभित्र सक्ने लक्ष्य राखिएको छ।

कम्पनीको पुँजी संरचना तथा वित्तीय व्यवस्थापन आयोजनाको कुल लागत प्रसारणलाइन, ग्रामीण विद्युतीकरण तथा निर्माण अवधिको ब्याजसमेत ५० करोड ५० लाख अमेरिकी डलरमध्ये एडिबीले १५ करोड, जापान अन्तरराष्ट्रिय सहयोग नियोग (जाइका)ले १८ करोड ४० लाख, युरोपियन लगानी बैंकले आठ करोड ५० लाख र नेपाल सरकार/नेपाल विद्युत् प्राधिकरणले आठ करोड ६० लाख डलर व्यहोर्ने गरी वित्तीय व्यवस्थापन गरिएको छ।

## रवि लामिछानेलाई नक्खु कारागार ल्याइयो

**रासस**
काठमाडौं, ३१ साउन

कारागार व्यवस्थापन विभागले सहकारी ठगी मुद्दामा रुपन्देही कारागारको थुनामा रहेका राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) सभापति रवि लामिछानेलाई नक्खु कारागारमा सरुवा गरेको छ।

शनिबार साँझ उहाँलाई जहाजमार्फत त्रिभूवन विमानस्थल ल्याइएको र त्यहाँबाट नक्खु कारागार लगिएको विभागका सूचना अधिकारी सन्देशप्रसाद जोशीले जानकारी दिनुभयो। कारागार सरुवाका लागि सभापति लामिछानले दिएको निवेदनका आधारमा शुक्रबार विभागले नक्खु कारागार सार्ने निर्णय गरेको थियो। उक्त निर्णय विभागले शुक्रबार राति नै रुपन्देही कारागारमा पठाएको थियो। सोही आधारमा शनिबार उहाँलाई कारागार सरुवा गरिएको जोशीले बताउनुभयो।



सुरक्षा संवेदनशिलतालाई ध्यानमा राखेर उहाँलाई जहाजमार्फत त्रिभूवन अन्तरराष्ट्रिय विमानस्थल र त्यहाँबाट आवश्यक सुरक्षा व्यवस्थाका साथ गाडीमा नक्खु लगिएको हो। लामिछानेलाई ल्याउन लागिएपछि समर्थक र कार्यकर्ता नक्खु कारागार क्षेत्र र विमानस्थल क्षेत्रमा उपस्थिति भएका थिए।

भीड बढी भएकाले उहाँको सुरक्षालाई ध्यानमा राखेर विमानस्थल आयल निगमको बाटो भएर विमानस्थलबाट नक्खु लगिएको प्रहरीले जनाएको छ।

## पार्टी महाधिवेशनका लागि सबैले दबाब दिनुपर्ने आवश्यकता छः नेता डा कोइराला

**पोखरापत्र संवाददाता**
पोखरा, ३१ साउन

नेपाली कांग्रेसका नेता डा शेखर कोइरालाले पार्टीको १५औं महाधिवेशनका लागि पार्टी नेता तथा कार्यकर्ताले दबाब दिनुपर्ने अवस्था आएको बताउनुभएको छ। उहाँले महाधिवेशनका लागि दैनिक सामाजिक सञ्जालमार्फत सभापति शेरबहादुर देउवालाई दबाब दिन र आवाज उठाउन आग्रह गर्नुभएको हो।

कांग्रेस जिल्ला कार्यसमिति सोलुखुम्बुले शनिबार यहाँ आयोजना गरेको नेपाली 'कांग्रेसभित्र अपरिहार्यता, सहमति, सहकार्य र एकता आजको आवश्यकता' विषयक अन्तरक्रियामा नेता कोइरालाले कांग्रेस कमजोर भए लोकतन्त्र कमजोर हुने र त्यसको प्रत्यक्ष असर देशमा पर्ने भएकाले महाधिवेशन ढिलो गर्न नहुने बताउनुभयो।

उहाँले भन्नुभयो, "हामी अधिवेशनको सङ्घारमा छौं। छिटोभन्दा छिटो महाधिवेशन नभए कांग्रेस कमजोर हुँदै जान्छ। त्यसैले सबैले हरेक दिन सामाजिक सञ्जालमा समयमै महाधिवेशन हुनुपर्छ भनेर लेख्न थाल्नुस्, दबाब बढाउनुस्।" नेता डा कोइरालाले विसं २०८४ पछि मात्रै महाधिवेशन गर्ने भन्ने चर्चा पार्टीभित्र सुनिन थालेकामा आपत्ति जनाउँदै त्यसरी पार्टी चल्न नसक्ने स्पष्ट पार्नुभयो। साथै, पार्टीको अनुशासन समिति नै गुटगत प्रभावमा परेको र 'नोट अफ डिसेन्ट'लाई समेत मान्यता नदिएको उहाँको आरोप थियो।

डा कोइरालाले पार्टीभित्र सहमति, सहकार्य र सङ्गठनात्मक एकता अनिवार्य रहेको उल्लेख गर्दै त्यसको सुरुआत सभापतिबाटै हुनुपर्नेमा जोड दिनुभयो।

कांग्रेसलाई एकढिक्का बनाएर अगाडि बढाउन १५औं महाधिवेशन समयमै हुनुपर्ने उहाँको भनाइ थियो।

## प्रदेश प्रमुख श्रीकृष्ण जन्माष्टमी विशेष कार्यक्रममा सहभागी

**पोखरापत्र संवाददाता**
पोखरा, ३१ साउन


गण्डकी प्रदेश प्रमुख डिल्लीराज भट्ट आफ्नो जन्मस्थल सुदूरपश्चिम प्रदेशको डोटी जिल्ला, जोरायल गाउँपालिका पुग्नुभएको छ।

भगवान श्रीकृष्णको जन्मदिनको अवसरमा गाउँपालिका कार्यालयले ऐतिहासिक धार्मिकस्थल कृष्ण पादुकमा प्रथम जगतगुरु बालसन्त मोहनशरण देवाचार्य महाराजश्रीको अध्यात्मिक दर्शन तथा आशिर्वाद कार्यक्रम आयोजना गरेकोमा प्रदेश प्रमुख भट्ट र सुदूर पश्चिम प्रदेशका प्रदेश प्रमुख नजिर मियाँ सहभागी हुनुभएको हो। जोरायल गाउँपालिकाका अध्यक्ष दुर्गादत्त ओझा, उपाध्यक्ष जमुना बोहरा लगायत पालिकाका जनप्रतिनिधिले जोरायललाई पर्यटकीय स्थल बनाउन जगतगुरुको उपस्थितिमा यस



ठाउँको इतिहासमा महिमा हुने गरी गरेको प्रयत्न सराहनीय रहेको प्रदेश प्रमुखद्वयले बताउनुभयो। कार्यक्रममा सुदूरपश्चिम प्रदेशसभा सदस्य शिवसिंह ओली पनि सहभागी हुनुहुन्थ्यो।

गण्डकीका प्रदेश प्रमुख भट्टले कृष्ण जन्माष्टमी वा गोकुल अष्टमी नामले समेत परिचित यस पर्वका धार्मिक, सांस्कृतिक र दार्शनिक आयामहरू रहेको उल्लेख गर्नुहुँदै सांस्कृतिक मान्यताअनुसार कृष्णलीलासँग सम्बन्धित विभिन्न भजन, कीर्तन, नाट्य प्रदर्शन एवं उपासनाका लागि आजको दिनले विशेष महत्व राख्ने उल्लेख गर्नुभयो। उहाँले भन्नुभयो- 'हिन्दूहरूको पवित्र ग्रन्थ गीतामा भगवान् श्रीकृष्णबाटै योग र दर्शनको विवेचना भई मानव जाति समक्ष उपलब्ध भएको पक्ष उत्तिकै महत्वपूर्ण छ, जसलाई आजकै दिन विशेषरूपले स्मरण गरिन्छ।' श्रीकृष्ण जन्माष्टमी पर्वले सम्पूर्ण नेपालीहरूमा आपसी सद्भाव, करूणा र मैत्रीभावना अभिवृद्धि गर्दै सभ्य र सुसंस्कृत समाज निर्माण गर्न प्रेरणा प्रदान गरोस् भन्ने शुभकामना पनि उहाँले व्यक्त गर्नुभयो।



# शिशुवामा तायाःमचा नृत्य प्रतियोगिता

**पोखरापत्र संवाददाता**
पोखरा, ३१ साउन



नेवारी सांस्कृतिक परम्पराको संरक्षण र प्रवर्द्धन गर्ने उद्देश्यले यस वर्षको तायाःमचा नृत्य प्रतियोगिता तथा गाईजात्रा महोत्सव पोखराको लेखनाथ, शिशुवा बजारमा पहिलो पटक आयोजना गरिएको छ।

नेवाः खल कास्कीको आह्वानमा शिशुवा नेवाः खलले आयोजना गरेको प्रतियोगितामा ३४ वटा टिम सहभागी भएका छन् । नेवारी समुदायमा परिवारका सदस्यको निधन भएको एक वर्षभित्र गाईजात्रा निकाल्ने परम्परा रहिआएको छ। गाईजात्रासँगै प्रस्तुत हुने बाजा र नृत्यलाई 'तायाःमचा' भनिन्छ। परम्पराअनुसार गाईजात्राका दिन घर-घरबाट तायाःमचासहितको जुलुस निकालेर बजार परिक्रमा गराइन्छ । रात पर्न थालेपछि सहभागीलाई असुविधा हुने भएकाले गाईजात्रा सम्पन्न भएपछि अर्को शनिबार नृत्य प्रतियोगिता आयोजना गर्ने चलन बसेको हो। यो प्रतियोगिता विगत २० वर्षदेखि निरन्तर आयोजना हुँदै आएको भए पनि यस वर्ष पहिलो पटक कोर पोखराभन्दा बाहिर, लेखनाथ क्षेत्रमा पुगेको हो। यसअघि भैरबटोल, विन्ध्यबासिनी, तेर्सापट्टी, रानीपौवा, पृथ्वीचोक र रामबजारमा मात्र सीमित थियो । शिशुवा नेवाः खलका अध्यक्ष तथा मूल आयोजक समितिका संयोजक अर्जुनकुमार ताम्राकारले लेखनाथमा पहिलोपटक आयोजना भएको यो प्रतियोगिता ऐतिहासिक बन्ने विश्वास व्यक्त गरे।

प्रतियोगितामा विजेता टोलीले १ लाख ११ हजार १११ रुपैयाँ पुरस्कार प्राप्त गर्नेछन् भने दोस्रो हुनेले ७७ हजार ७७७ रुपैयाँ, तेस्रो हुनेले ५५ हजार ५५५ रुपैयाँ र सान्त्वना टोलीले २५ हजार ५५५ रुपैयाँ प्राप्त गर्नेछन् । महिलातर्फ विजेताले ४० हजार, द्वितीयले ३० हजार, तृतीयले २५ हजार र सान्त्वना टोलीले २० हजार रुपैयाँ पाउने छन् । अघिल्लो वर्षको तुलनामा यस पटक खुला प्रतियोगिताको प्रथम पुरस्कार करिब दुई लाख रुपैयाँले घटाइएको हो। अघिल्लो संस्करणमा पहिलो टोलीले ३ लाख १ रुपैयाँ प्राप्त गरेको थियो । आयोजकले भने, पुरस्कार रकम कम भए पनि यस वर्षको प्रतियोगिता सहभागी संख्या र भव्यताका हिसाबले अहिलेसम्मकै ठूलो हुने अपेक्षा गरिएको छ। कार्यक्रमको उद्घाटन गर्दै पोखरा महानगरका मेयर धनराज आचार्यले पोखरा विभिन्न जातजाति र भेषभूषाको धनी शहर भएको उल्लेख गर्दै सांस्कृतिक विविधताले नै शहरलाई विशेष बनाउने बताए । उनले तालचोक-बेगनास सडक खण्डमा स्थानीयले अबरोध नगर्न आग्रह गर्दै लामो समयदेखि यथावत रहेको सडकले अब ढिलाइ नगरिकन निर्माण सम्पन्न हुनुपर्नेमा जोड दिए। कार्यक्रममा पोखरा-३० का अध्यक्ष दुर्गा प्रसाद सुवेदी, पोखरा-९ का अध्यक्ष दिपेन्द्र मर्सानी, रामकाजी गुरुङलगायतको उपस्थिति थियो।

# भजन चुड्का प्रतियोगितामा महेश्वर खनाल भजन समूह प्रथम

**पोखरापत्र संवाददाता**
पोखरा, ३१ साउन



राधाकृष्ण सांस्कृतिक समूहको आयोजना एवम् राधाकृष्ण मन्दिर शान्ति आश्रमको सह आयोजनामा लामेआहालमा शनिबार सम्पन्न १० औं श्रीकृष्ण जन्माष्टमी महोत्सव एवम् भजन चुड्का प्रतियोगितामा महेश्वर खनाल भजन समूह, शुक्लागण्डकी २ कोत्रे प्रथम भएको छ।

राधाकृष्ण मन्दिर शान्ति आश्रमको परिसरमा गरिएको प्रतियोगितामा भद्रकाली खैजरी भजन समूह, गजुरी - २ धादिङ द्वितीय, मातृकेश्वर एकता भजन समूह, पोखरा २५ हेमजा तृतीय र शिशुवा सत्संग भजन समूह, शिशुवा सान्त्वना भएका छन्।

प्रतियोगितामा उत्कृष्ट भेषभुषातर्फ राधाकृष्ण गुरुकुल विद्यालय पुरस्कृत भएको छ भने उत्कृष्ण बाद्यबादनतर्फ तल्लीपोखरी भजन समूह, शुक्लागण्डकी - १ थप्रेक पुरस्कृत बनेको छ । प्रतियोगितामा कुल १२ वटा समूह सहभागी भएका थिए । प्रतियोगिताका विजयीहरू प्रथम, द्वितीय, तृतीय र सान्त्वना स्थान प्राप्त गर्नेलाई क्रमशः ५० हजार, ३० हजार, २० हजार र १० हजार रुपैयाँ सहित प्रमाणपत्र प्रदान गरिएको थियो । त्यस्तै उत्कृष्ट भेषभुषा र उत्कृष्ट बाद्यबादन स्वरुप पाँच/पाँच हजार रुपैयाँ र प्रमाणपत्र प्रदान गरिएको थियो। प्रतियोगिताको निर्णायकमा प्रा.डा.कुसुमाकर न्यौपाने, भुलाप्रसाद भण्डारी र भरतचन्द्र गौतम रहनुभएको थियो।

कार्यक्रममा गन्धर्व समाज र गगन नेवाः खलले अप्रतियोगितात्मक झाँकी प्रस्तुत गरेका थिए। संस्थाका तर्फबाट उत्कृष्ट कार्यवापत ज्येष्ठ नागरिक अग्नीप्रसाद भण्डारीलाई सम्मान गरिएको थियो। कार्यक्रममा पोखरा महानगरपालिका वडा नं ३२ का वडा अध्यक्ष अक्कलबहादुर कार्कीले हाम्रा प्राचीन मौलिक संस्कृति जोगाउनु आवश्यक भएको बताउँदै त्यसका लागि वडाका तर्फबाट सक्दो सहयोग गर्ने प्रतिवद्धता व्यक्त गर्नुभयो।

राधाकृष्ण सांस्कृतिक समूहका अध्यक्ष सञ्जयराज ढकालले हाम्रा संस्कृतिको मौलिकता जोगाउनकै लागि विगत १० वर्ष यता महोत्सवसँगै प्रतियोगिता गरिदै आइएको बताउँदै यसका लागि सबैको साथ र सहयोग आवश्यक भएको बताउनुभयो।

पोखरा महानगरपालिका वडा नं ३३ का वडा अध्यक्ष रामचन्द्र अधिकारीले हाम्रा संस्कार संस्कृतिहरू जोगाउँदै भावी पुस्तामा पुऱ्याउनुपर्नेमा जोड दिनुभयो । समूहका अध्यक्ष ढकालको सभापतित्व एवम् सहसचिव भरत थापा र सदस्य विनोद भण्डारीले सञ्चालन गर्नुभएको कार्यक्रममा स्वागत राधाकृष्ण मन्दिर शान्ति आश्रमका सह अध्यक्ष गणेश खत्रीले गर्नुभएको थियो।

# कला, संस्कृतिको संरक्षणमा सबै पक्ष लाग्नुपर्ने मन्त्री थापाको जोड

**पोखरापत्र संवाददाता**
पोखरा, ३१ साउन



पोखराको बाटुलेचौरमा भएको श्री कृष्ण राष्ट्रिय भजन प्रतियोगितामा बाटुलेचौरको बडहरवोट भजन समुह प्रथम भई नगद १ लाख र प्रमाणपत्र प्राप्त गरेको छ।

शुक्ला साहित्य प्रतिष्ठानले श्री कृष्ण जन्माष्टमीको अवसरमा आयोजना गरेको २६ संस्करणको प्रतियोगिता प्रतियोगितामा द्वितीय तनहुँ शुक्ला गण्डकीको महेश्वर खनाल भजन समुह, तृतीय हेम्जाको मातृकेश्वर भजन समुह र भद्रकाली खैंजडी भजन समुह र धर्मस्थली भजन समुहलले सान्त्वना स्थान प्राप्त गरेको छ ।उनीहरूले नगद ७५ हजार र प्रमाणपत्र,५० हजार र प्रमाणपत्र, र २५ हजार र प्रमाणपत्र प्रदान गरिएको प्रचार प्रसार संयोजक सञ्जय थापाले जानकारी दिए। प्रतियोगितामा तनहुँ, स्याङ्जा, धादिङ लगायतका विभिन्न जिल्लाबाट १६ टोलीले सहभागिता जनाएका थिए। सहभागी टिमलाई प्रोत्साहन स्वरुप जनही नगद ५ हजार र सहभागीताको प्रमाणपत्र प्रदान गरिएको छ । सहभागी भजन टोलीको प्रस्तुती मुल्यांकन भने लोकदोहोरी कलाकारले गरेका थिए। लोकदोहोरी गायक जीवन दाहाल, तारापति सुवेदी, सरला लामिछाने'सरू' र प्रेमराज अधिकारीले मुल्यांकन गरेका हुन्। नतिजाको घोषणा लोकदोहोरी गायक जीवन दाहालले गरेका थिए।

यसअघि कार्यक्रमको उद्घाटन गर्दै गण्डकी प्रदेशका सामाजिक विकास, युवा तथा खेलकुद मन्त्री विन्दु कुमार थापाले पोखरा प्राकृतिक, सांस्कृतिक र कलाले भरिपूर्ण शहर भएको बताउँदै, कला, साहित्य र संस्कृतिको कुनै सिमा नहुने बताए। उनले यस किसिमका संस्कृति संरक्षणमा सबै पक्ष लाग्नुपर्नेमा जोड दिनुभयो। यस किसिमका कार्यका लागि प्रदेश सरकार र आफ्नो मन्त्रालय जहिले पनि सहयोग गर्न तयार रहेको मन्त्री थापाले स्पष्ट पारे।

त्यस अवसरमा मन्त्री थापाले आफ्नो तर्फबाट १६ नम्वर वडाको विकासमा गरेको फेहरिस्त समेत सुनाएका थिए। प्रतिष्ठानका मानार्थ सदस्य रामबहादुर बानियाँले प्रतिष्ठानले हालसम्म गरेका कार्य र उद्देश्यका बारेमा जानकारी गराउँदै, साहित्य, कला र संस्कृति बुझेको व्यक्तिले मात्र गण्डकी प्रज्ञा प्रतिष्ठान हाँक्न सक्ने बताए। मन्त्री थापाले कार्यक्रमका लागि प्रतिष्ठानलाई सहयोग गर्ने विभिन्न संघ संस्था र व्यक्तिलाई प्रमाणपत्र प्रदान गर्नुभयो।

प्रतिष्ठानका अध्यक्ष एवं कार्यक्रम संयोजक दुर्गादेवी बस्नेत गौतमले कला, संस्कृति र साहित्यको विकासका लागि संस्थाले निरन्तर कार्य गरिरहेको बताईन्। कार्यक्रममा कोशी प्रदेशका पुर्व प्रदेश प्रमुख सोमनाथ अधिकारी'प्यासी', संस्कृतिविद् डा जगमान गुरुङ, प्रदेश सभाका पुर्व सदस्य प्रभा कोईराला, पुर्व मेयर एवं एमालेका केन्द्रीय सदस्य कृष्ण थापा, पोखरा १६ का वडाध्यक्ष अमृत शर्मा तिमिल्सिना, १९ का वडाध्यक्ष पुष्पेन्द्र पाण्डे, वरिष्ठ लोक गायिका हरिदेवी कोईराला, सर्जक रामबहादुर कोईराला, गण्डकी प्रज्ञा प्रतिष्ठानका निवर्तमान कुलपति सुर्य खड्का 'विखर्ची', एमाले नेता तेजनारायण अधिकारी, विभिन्न वडाका जनप्रतिनिधिको सहभागिता रहेको थियो । प्रतिष्ठानका अध्यक्ष दुर्गादेवी बस्नेत गौतमको अध्यक्षतामा भएको कार्यक्रममा स्वागत वरिष्ठ उपाध्यक्ष गिता भट्टराई भण्डारी र संचालन सचिव रामप्रसाद पौडेल'घर्मेली' ले गर्नुभएको थियो। कार्यक्रम हेर्न त्यस आसपासका विभिन्न क्षेत्रबाट उल्लेख्य रूपमा दर्शक सहभागी भएका थिए।

# छाङ्लेली नेवाः खल समाजको रक्तदानमा ६२ युनिट संकलन

**पोखरापत्र संवाददाता**
पोखरा, ३१ साउन





छाङ्लेली नेवाः खल समाजले पितृ उद्दार पर्व गाइजात्राको अवसरमा रक्तदान कार्यक्रम सम्पन्न गरेको छ। शनिबार पोखरा न्युरोड स्थित मल्ल फर्निचर ल्याण्डको प्राङ्गणमा सम्पन्न रक्तदान कार्यक्रममा ६२ युनिट रगत संकलन भएको छ।

कार्यक्रमका प्रमुख अतिथी तनहुँ उद्योग वाणिज्य संघका पूर्व अध्यक्ष तेजकुमार मल्लले पहिलो रक्तदाता सराङ्गकोट सहकारी तथा रेडियो सराङ्गकोटका अध्यक्ष कृष्ण थापा र सैनिक आवासिय महाविद्यालयका शिक्षिका भवानी जोशी कायस्थलाई ब्लड ब्याग हस्तान्तरण गरि कार्यक्रमको शुरुवात गर्नुभएको थियो । पहिलो रक्तदाता कृष्ण थापा नियमित रक्तदाता हुनुहुन्छ । उहाँले शनिबार आफ्नो जन्मदिनको अवसरमा ८२ पटक रक्तदान गर्नुभएको हो।

समाजका कार्यबाहक अध्यक्ष विष्णुकुमार श्रेष्ठको अध्यक्षतामा भएको कार्यक्रममा बोल्दै प्रमुख अतिथी तेजकुमार मल्लले तनहुँको साविक छाङ्ग गाविसबाट विभिन्न पेशा व्यवसायका लागि पोखरा बसाइसराई गरि आएकाहरुको साझा संस्था छाङ्लेली नेवा खलले विभिन्न साँस्कृतिक गतिविधीका साथ सामाजिक कार्य रक्तदान गरेकोमा खुसी प्रकट गनुभयो। उहाँले संसारको जुनसुकै कुनामा पुगे पनि समाजको आवश्यकता रहने कुरामा जोड दिंदै समाज जहिले पनि मानव कल्याणका लागि समर्पित रहनुपर्ने बताउनुभयो। रेडियो सराङ्गकोट तथा सराङ्गकोट सहकारीका अध्यक्ष नियमित रक्तदाता कृष्ण थापाले आफुले प्रत्यक ३ महिनामा रक्तदान गर्ने गरेको बताउदै पितृ उद्दारका लागि भन्दै समाजले गरेको रक्तदान कार्यक्रमको प्रशंसा गर्नुभयो।

प्रदेश रक्त संचार केन्द्र पोखराका प्रमुख अर्जुन ज्ञवालीले अस्पतालमा उपचाररत रगतको आवश्यकता पर्ने मानिसलाई रगतको बदलामा रगतकै आवश्यक पर्ने भएकाले यसको महत्व अन्य दान भन्दा माथी रहेकाले रक्तदान जीवनदान भनिएको प्रष्ट्याउनु भयो।

कार्यक्रममा पोखरा चेम्बर अफ कमर्शका उपाध्यक्ष श्याम मल्ल, महासचिब गोकर्ण अधिकारी, लायन्स क्लब अफ पोखरा टुरिजम सिटीका अध्यक्ष जसपाल पाख्रिन तामाङ, रेडियो अन्नपुर्णका स्टेशन म्यानेजर सन्जय मल्ल, समाचार प्रमुख आरजु विष्ट, समाजका सचिब जयराम कायस्थ लगायतले बोलेका थिए । कार्यक्रम सम्पन्न गर्नका लागि समाजका सदस्य सन्जय मल्लको संयोजकत्वमा बिभिन्न उपसमिति बनाइएको थियो। जसको आर्थिक व्यवस्थापन उपसमिती संयोजक श्याम मल्ल, सदस्यहरु हेमन्त मल्ल र बालकृष्ण श्रेष्ठ, प्रचारप्रसार उपसमिती संयोजक जयराम कायस्थ, सदस्यहरु सुर्यराज राजभण्डारी र कृष्ण मल्ल रहेका थिए । यसैगरि अतिथी सत्कार उपसमिती संयोजक सुना मल्ल, सदस्यहरु रमेश मल्ल, सयना श्रेष्ठ, प्रमाण पत्र तथा मायाको चिनो उपसमिती संयोजक रामप्रताप मल्ल, सदस्य मोहन मल्ल, जलपान व्यवस्थापन उपसमिति संयोजक मिलन श्रेष्ठ, सदस्यहरु मणिराज मल्लर रामलाल श्रेष्ठ रहेका थिए । कार्यक्रम प्रदेश रक्तसंचार केन्द्रको व्यवस्थापनमा सम्पन्न भएको थियो।







फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

नैतिक कामका लागि पनि अनैतिक काम नगर्नुस् ।
– थमस हाडी

## सम्पादकीय

# स्वास्थ्यमा थप सक्रियता आवश्यक

नेपाली जनताको माग शिक्षा र स्वास्थ्य राज्यको हुनुपर्छ । रोजगारी पाउने वातावरण हुनु पर्यो । शिक्षा, स्वास्थ्य र रोजगारीको वातावरण सुजना हुन सकेमा काम गर्न सक्ने जनशक्ति विदेश पलायन हुने थिएन । राज्यले गर्नैपर्ने काम नगरेकोमा जनताको असन्तुष्टि बढ्दो छानेपालका राजनीतिक पार्टीको शिक्षा, स्वास्थ्य बारेमा एक मत हुन नसक्दा समयमै कानुन बन्न नसक्ने अवस्था छास्वास्थ्य नीतिमा पनि एक मत नहुँदा चिकित्सा शिक्षामा अनावश्यक विवाद खडा गरिदैछालोककल्याणकारी राज्यको वकालत गर्ने र उदारवादी राज्यको वकालत गर्नेहरु ठिक विपरीत मान्यतामा उभिएका छन । बाहिर एउटा नारा लगाउने भित्र अर्कै व्यवहार गर्दा अन्योल सृजना भएको छ । स्वास्थ्य, शिक्षालगायतका क्षेत्रलाई नागरिकको मौलिक हकमा समावेश गरेको छ ।संविधानमा उल्लेख गरेका सबै कार्यान्वयनमा आउन केही वर्ष कुर्नैपर्छ। साधन र स्रोतका कमीका साथै कतिपय संस्थागत संरचनाको अभावले पनि सबै मौलिक हकलाई पूर्ण रूपमा कार्यान्वयनमा आएका छैनन् ।

स्वास्थ्य क्षेत्रमा भने सरकारको प्रयास सकारात्मक छ । स्वास्थ्यनै धन हो त्यही निहुँमा नेपालले स्वास्थ्यमा केही गर्न खोज्को छ । हरेक नागरिक स्वस्थ भए मात्र काम गर्न सक्छन् । त्यसैले हरेक नागरिकलाई स्वस्थ राख्न राज्यको दायित्व हुन जान्छ । विपन्न लाई सहयोग, असाध्य रोग लागेकालाई निशुल्क उपचार, केही मात्रामा भएको पनि निशुल्क ओखती वितरण र आयुर्वेदिक उपचारमा जोड दिएको छ । गच्छे अनुसार केही गरेको छापर्याप्त पक्कै छैन । यसै वास्तविकतालाई दृष्टिगत गरी स्वास्थ्य बिमाको कार्यक्रम अगाडि बढाइएको छ । सकभर रोग लाग्नै नदिने निरोगी नेपालको अभियान छ भने रोग लागेपछि सहज रूपमा उपचार पाउने व्यवस्थाका निम्ति स्वास्थ्य बिमाको कार्यक्रम अगाडि बढाइएको छ । राष्ट्रिय स्वास्थ्य बिमा नीति अनुसार आर्थिक वर्ष २०७२/७३ मा कैलाली, बागलुङ र इलामबाट सुरु गरेको स्वास्थ्य बिमा अहिले व्यापक भइसकेको छ । वर्तमान सरकार गठन भएपछि स्वास्थ्य क्षेत्रमा गरिएका अनेक सुधारसँगै स्वास्थ्य बिमालाई प्रभावकारी बनाउने प्रयास गरिएको छ तर पनि यसमा अनेक अवरोध कायमै छन् ।

देशका धेरै नागरिकले बिरामी भएका बेला स्वास्थ्य बिमामार्फत राम्रो सुविधा पाउन थालेका छन् । कतिपयले भने आवश्यक नै नभए पनि बिमाको सुविधा उपयोग गरेको पनि पाइन्छ । अझ कतिपय अवस्थामा दुरुपयोग गर्ने गरेकोसमेत पाइन्छ । त्यसो त नियमित औषधी सेवनदेखि जटिल किसिमका शल्यक्रिया र रोगको उपचार गर्न धेरैलाई स्वास्थ्य बिमा ठुलो सहारा भएको छ । सर्वसाधारणलाई यस्तो सुविधा पुर्‍याएको स्वास्थ्य बिमा कार्यक्रमलाई अझै सुधार गरेर लैजानुपर्ने आवश्यकता भने देखिएको छ । सरकारले वार्षिक दिने रकम, उठ्ने गरेको प्रिमियम र उपचारमा लाग्ने खर्चको अनुपात नमिल्दा स्वास्थ्य बिमा बोर्ड अप्ठ्यारोमा परेको छ । स्वास्थ्य बिमा ऐनमा उल्लेख भए अनुसार सबै कर्मचारीलाई स्वास्थ्य बिमामा आबद्ध गराउन सके स्वास्थ्य बिमामा समस्या नआउने देखिएको छ । स्वास्थ्य बिमाका निम्ति साधन र स्रोतको पहुँच बढ्ने छ । ऐनमा उल्लेख भए अनुसार प्रत्येक कर्मचारीबाट पाउने तलबको एक प्रतिशत मात्र रकम स्वास्थ्य बिमा उठाउन सकिन्छ । त्यति मात्र होइन, यसमा रोजगारदाताले एक प्रतिशत थप दिने व्यवस्था गर्न सकिने छ । नयाँ प्रावधानले वार्षिक ४० अर्ब रुपियाँसम्म प्रिमियम उठाउन सकिने उपाय देखिएको छ । सरकारले जटिल रोग लागेका बिरामीलाई पाँच लाखसम्मको उपचार दायरा पुर्‍याउने लक्ष्यमा यो राम्रो उपाय हुन सक्छ ।

स्वास्थ्य बिमा बोर्ड आर्थिक चापमा छ । हाल स्वास्थ्य बिमा बोर्डले ३७७ वटा स्वास्थ्य संस्थालाई प्रथमविन्दुका रूपमा तोकेको छ । यस्तै ९८ वटा निजी, सरकारी तथा सामुदायिक अस्पताललाई रेफरल अस्पतालका रूपमा तोकेको छ । स्वास्थ्य बिमामार्फत देशभरका अस्पतालबाट वार्षिक २५ अर्ब रुपियाँको औषधी तथा उपचार हुने गर्दछ तर सरकारले स्वास्थ्य बिमा बोर्डलाई वार्षिक सात अर्ब मात्र बजेट छुट्याउने गरेको थियो । नयाँ आव २०८२/८३ मा भने १० अर्ब बजेट छुट्याइएको छ । यो बजेटले बिरामीको उपचारका लागि अस्पताललाई भुक्तानी गर्न पुग्ने देखिँदैन । स्वास्थ्य बिमा कार्यक्रम देशका सबै नागरिकलाई स्वास्थ्य उपचारमा सरल र सहज पहुँच दिन उपयोग हुँदा प्रभावकारी बनाउन कर्मचारीलाई स्वास्थ्य बिमामा सहभागी गराउनु आवश्यक छ । सरकारको प्राथमिकता प्राप्त कार्यक्रम भएकोले सहज र कार्यान्वयन गर्न सकिने कार्यक्रम बनाएर लागु गर्नु जरुरी पनि छ । स्वास्थ्य बिमामा भइरहेको भनिएको दुरुपयोग निर्मम भएर रोक्नु पर्छ । प्रधानमन्त्री केपी शर्मा ओलीले केही दिनअघि स्वास्थ्य बिमामा दुरुपयोग रोक्नसमेत ध्यानाकर्षण गराएका छ । स्वास्थ्य बिमाबापतको प्रिमियमबाट वार्षिक दुई अर्ब ५० करोड रुपियाँ मात्र उठ्ने मौजुदा अवस्थाबाट स्वास्थ्य बिमा प्रभावकारी रूपमा अगाडि बढ्ने देखिँदैन । प्रिमियम बढाउनु जरुरी छ । सरकारलाई थप व्ययभार नपर्ने गरी सिर्जनात्मक कार्यक्रम बनाएर लागु गरिनु पर्छ । सरकारी तथा निजी क्षेत्रका सबै कर्मचारीलाई बिमामा समेट्न सकिने छ । स्वास्थ्य सेवामा संस्थागत सुधार गरेर मात्र अगाडि बढ्नु पर्छ । सुधार नै स्वास्थ्य बिमा प्रभावकारी बनाउने सही उपाय हो । सुधारका कामलाई गतिका साथ अगाडि बढाउँदै थप कार्यक्रम र सकृयता आवश्यक छ ।


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : ब्यापारमा लाभ | तुला | : कार्यमा सफलता |
| वृष | : शत्रुको भय | वृश्चिक | : सहयोग मिल्नेछ |
| मिथुन | : झमेला बड्ने | धनु | : सत्कार मिल्नेछ |
| कर्कट | : शुभ यात्रा | मकर | : अप्रत्यसित लाभ |
| सिंह | : स्वास्थ्यमा सुधार | कुम्भ | : शारीरिक झमेला |
| कन्या | : आर्थिक समस्या | मीन | : मानसिक तनाब |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा–१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# हल्लेखर्क र कुरमुनीमा खानेपानी सुविधा विस्तार

**पोखरापत्र संवाददाता**
म्याग्दी, ३१ साउन

म्याग्दीको अन्नपूर्ण गाउँपालिका-६ हल्लेखर्क र कुरमुनी टोलका ४० घरमा ‘एक घर, एक धारा’ सहितको खानेपानी सुविधा विस्तार भएको छ ।

गण्डकी प्रदेश सरकारको विशेष अनुदानमा अन्नपूर्ण गाउँपालिकाले सञ्चालन गरेको बैसरी-हल्लेखर्क-पोखरेबगर खानेपानी योजनामार्फत २४ र गण्डकी प्रदेश सरकारको बजेटबाट खानेपानी, जलस्रोत तथा सिँचाइ डिभिजन कार्यालयले कुरमुनीका १६ घरमा खानेपानी वितरण गरेको हो । अन्नपूर्ण गाउँपालिका-६ का वडाध्यक्ष रामबहादुर खड्काले करिब रु ४० लाखको लागतमा हल्लेखर्क र कुरमुनीका ४० घरपरिवारलाई फरक/फरक योजनामार्फत मिटर जडित निजी धारामार्फत घरघरमा खानेपानी वितरण भएको जानकारी दिनुभयो । “करिब रु २९ लाख बजेटमा सुन्दर सेवा निर्माण प्रालि पोखराले हल्लेखर्क र बैसरीमा निर्माण गरेको २७ मध्ये २४ वटा धारामा खानेपानी सञ्चालन भएको छ”, उहाँले भन्नुभयो, “पाइपलाइन नपुगेकाले यसपालि पानी वितरण नभएका बैसरीका तीन र पोखरेबगरका ९८ धारामा नयाँ आर्थिक वर्षको बजेटबाट पानी वितरण गर्ने व्यवस्था मिलाउँछौँ ।” धाराका साथै १०/१० हजार लिटर क्षमताको दुई वटा रिजर्भ ट्याङ्की, दुई वटा डिसी निर्माण भएको छ । खरीको मुहानबाट यसअघि नै ल्याइएको पानीलाई ट्याङ्कीमा हालेर व्यवस्थित हिसाबले वितरणको व्यवस्था मिलाइएको हो । घरघरमा खानेपानी आपूर्ति भएपछि पानी ओसार्दा हुने झञ्जट हट्नुका साथै समयको बचत भएको हल्लेखर्कका बासिन्दा देवी खड्काले बताउनुभयो । यसअघि खानेपानी आपूर्ति नियमित नहुने र वितरण व्यवस्थित नहुँदा उपभोक्तालाई सास्ती थियो । कुरमुनीमा प्रदेश सरकारको रु १० लाख बजेटबाट १० हजार लिटर क्षमताको रिजर्भ ट्याङ्की निर्माण गरेर १६ घरमा पाइपलाइन विस्तार र मिटर जडान गरेर खानेपानी वितरण भएको छ । घरघरमा धारा बनाउन गाउँपालिकाले चालु आर्थिक वर्ष २०८२/८३ मा रु दुई लाख विनियोजन गरेको वडा अध्यक्ष खड्काले बताउनुभयो । कूल एक करोड १९ लाख लागत अनुमान गरिएको बैसरी-हल्लेखर्क-पोखरेबगर खानेपानी योजनाले पूर्णता पाएमा एक सय २५ घरपरिवार लाभान्वित हुनेछन् । बैसरी र अन्नपूर्ण गाउँपालिकाको केन्द्र रहेको पोखरेबगरमा नयाँ आर्थिक वर्षमा खानेपानी वितरण गर्ने लक्ष्य छ । बैसरीमा यसअघि नै खानेपानी सङ्कलन गर्ने रिजर्भ ट्याङ्की निर्माण भएको छ ।

# श्रीकृष्ण जन्माष्टमीका अवसरमा दमौलीमा रथयात्रा

**पोखरापत्र संवाददाता**
दमौली, ३१ साउन

श्रीकृष्ण जन्माष्टमीको अवसरमा नेपाल अन्तरराष्ट्रिय कृष्ण भावनामृत सङ्घ (इस्कोन) तनहुँले आज दमौलीमा शनिबार रथयात्रा निकालेको छ । समुदायमा धार्मिक भावना अभिवृद्धि गर्ने, संस्कृति जगेर्ना गर्ने र सामाजिक एकता कायम गर्ने उद्देश्यका साथ रथयात्रा निकालिएको इस्कोन तनहुँका प्रमुख निरन्तर दासले जानकारी दिनुभयो ।

इस्कोन तनहुँले श्रीकृष्ण जन्माष्टमीको अवसरमा आज झाँकी प्रदर्शन, भजन किर्तन, कृष्णलिला, राधा कृष्ण झुला, कृष्ण कथा, राधाकृष्ण महाअभिषेक, महाप्रसाद वितरण लगायतका कार्यक्रम आयोजना गरेको छ ।

इस्कोन तनहुँले प्रत्येक दिन बिहान ५ बजेदेखि साँझ ७ बजेसम्म दैनिक आरती, श्रीमद् भागवत प्रवचन तथा प्रत्येक शनिबार दिउँसो १ बजेदेखि ४ः३० बजेसम्म शनिवारीय सत्सङ्ग कार्यक्रम साथै समुदायमा नियमित हरिनाम सङ्किर्तन, विद्यालय/क्याम्पसहरुमा सात दिवसीय आत्म साक्षात्कारको विज्ञान, मन नियन्त्रण गर्ने कला, तनाव व्यवस्थापन, रिस सन्तुलन गर्ने कला, समय व्यवस्थापन गर्ने कला जस्ता विषयहरुमा सेमिनार तथा अन्य विभिन्न आध्यात्मिक कार्यक्रमहरु आयोजना गर्दै आइरहेको छ ।

# बायोमेट्रिक गर्दै जनप्रतिनिधि घरघरमा

**पोखरापत्र संवाददाता**
स्याङ्जा, ३१ साउन

स्याङ्जाको वालिङ नगरपालिका वडा नं. १४ का जनप्रतिनिधि र कर्मचारी बायोमेट्रिक मेशिन सहित स्थानीयको घरघरमा पुग्न थालेका छन् । सामाजिक सुरक्षा भत्ता बुझ्दै आएका वडाका लाभग्राही परिचयपत्र नविकरण गर्न जनप्रतिनिधि नेतृत्वको टोली घरघरमा पुग्न थालेका हुन् ।

सुरक्षा भत्ता बुझ्ने लाभग्राहीको घरघरमा पुगेर टोलीले बायोमेट्रिकबाट अद्यावधिक गर्दै परिचयपत्र नविकरण गरेको छ । साउनको ५ गतेबाट नविकरण गर्न वडाका झण्डै एक हजार ४० लाभग्रहीको घरमा पुग्न हिडेको टोली करिब २५ दिन हालसम्म ५६२ घरमा पुगेको छ ।

वालिङ नगरपालिका १४ मा झण्डै १४ सय घरपरिवार छन्, त्यसमध्ये करिब एक हजार ४० ले सुरक्षा भत्ता बुझ्ने गरेको वडाध्यक्ष राजु कुँवरले बताए । कर्मचारीसँगै बायोमेट्रिक मेशिन लिएर लाभग्राहीको घरमा परिचयपत्र नविकरण गर्दै हिडेको बताउँदै कुँवरले वर्षातको समयमा भत्ता लिनेहरु वडामा आउजाउमा समस्या हुने भएपछि घरघरमा पुगेको बताए ।

सुरक्षा भत्ता नविकरण गर्न सहज, प्रभावकारी र सबैको पहुँच पुर्‍याउन घरघरमा हिडेको अध्यक्ष कुँवरेले बताए ।

जेष्ठ नागरिक, एकल महिला, दलित जेष्ठ नागरिक, अपाङ्ग, बालबालिका र लक्षित वर्गलाई वडा कार्यालय धाउन नपरोस भन्दै सहजताका लागि टोली घरघरमा गएको हो ।

राष्ट्रिय परिचयपत्र नहुने लाभग्राहीको भत्ता नविकरण नहुने जनाउँदै परिचयपत्र बनाउन वडाले सबैमा आग्रह गरेको छ । टोली पेखु देउराली, बैरे, कोखे, दाङ्से, सिम्ले, कपासे, फैदीखोला, हुग्दी, फूलबारी, थानकरादी र हुक्लाङ गाउँका घरघरमा गएर परिचयपत्र नविकरण गर्दै हिडेको छ ।

# म्याग्दीका महिलाको घरजग्गामा स्वामित्व बढ्दो

**पोखरापत्र संवाददाता**
म्याग्दी, ३१ साउन

यहाँका महिलाका घरजग्गामा स्वामित्व बढ्नथालेको छ । सरकारको अनुकूल नीति, सामाजिक संरचनामा आएको परिवर्तन र शसक्तिकरणसँगै घरजग्गामा महिलाको स्वामित्व बढ्न थालेको हो ।

सरकारले महिला, दलित तथा जनजाती, सहिद परिवार र अपाङ्गको नाममा घरजग्गा खरिद गर्दा लाग्ने रजिष्ट्रेशन दस्तुरमा २५ प्रतिशत राजस्व छुट दिने गरेको छ । आर्थिक वर्ष २०८१/८२ मा जिल्ला मालपोत कार्यालय म्याग्दीबाट आठ सय ८१ लिखत पारित भएकोमा १८० महिलाको नाममा छ । घरजग्गा खरिद गरेका महिलाले गत वर्ष रजिष्ट्रेशन शूल्कमा रु २४ लाख ४८ हजार ५३० छुट पाएका कार्यालयका प्रमुख साधनाकुमारी श्रेष्ठले जानकारीदिनुभयो । आर्थिक वर्ष २०८०/८१ मा २४३ महिलाले घरजग्गा आफ्नो स्वामित्वमा बनाएका थिए । महिलाको आर्थिक स्रोतमा पहुँच बढ्नु, चेतनाको विकास, शसक्तिकरण, पुरुष विदेश गएकाले घरको नेतृत्व महिलाले गर्नु र सरकारले दिने छुट सुविधाका कारण महिलाको नाममा घरजग्गाको स्वामित्व बढेको मालपोत अधिकृत श्रेष्ठले बताउनुभयो । गत वर्ष ४१ जना दलित तथा जनजाती, एक जना अपाङ्ग र १२ जना अन्य वर्गकाले घरजग्गा खरिदका लागि छुट पाएका थिए । सबै लक्षित समुदायका ३३४ जनाले रजिष्ट्रेशन शूल्कमा रु. ३१ लाख ६० हजार ८८६ छुट पाएका छन् । राष्ट्रिय जनगणना २०७८ को नतिजाअनुसार कूल एक लाख सात हजार जनसङ्ख्या रहेको जिल्लामा महिला जग्गाधनी नौ दशमलब सात प्रतिशत छन् । ११ दशमलब आठ प्रतिशत महिलाको नाममा घरजग्गा दुवै र दुई दशमलब तीन प्रतिशतको नाममा घर मात्रै छ । कूल जनसङ्ख्यामध्य ५१ दशमलब तीन प्रतिशत महिला र ४८ दशमलब सात प्रतिशत पुरुष छन् । यसैगरी घरजग्गा दृष्टिबन्धक राखेर बैङ्क, वित्तीय र सहकारी संस्थाबाट ऋण लिनेको सङ्ख्या पनि उल्लेख्य रहेको मालपोत कार्यालय म्याग्दीका नायव सुब्बा कमलप्रसाद मरासिनीले बताउनुभयो । आर्थिक वर्ष २०८१/८२मा ९१६ जनाले घरजग्गा रोक्का र एक हजार ४१५ वटा फुकुवा गरेका छन् ।

आर्थिक वर्ष २०८०/८१मा ८५७ जनाले घरजग्गा धितो राखेर बैङ्क तथा वित्तीय संस्थाबाट ऋण लिएका र एक हजार १६९ जनाले रोक्का राखेको घरजग्गा फुकुवा गरेका थिए । बैङ्क, वित्तीय र सहकारी संस्थामा घरजग्गा धितो राखेर ब्यापार ब्यवसाय, वैदेशिक रोजगारी, शिक्षा, पशुपालन, कृषिमा लगानी गर्नेलाई सजिलो भएको छ । आर्थिक वर्ष २०८१/८२ मा मालपोत कार्यालय म्याग्दीले पछिल्लो सात वर्षयताकै धेरै रु पाँच करोड ८१ लाख पाँच हजार ९११ राजस्व सङ्कलन राजस्व सङ्कलन गरेको छ । आर्थिक वर्ष २०८०/८१मा रु चार करोड ११ लाख १३ हजार ७३२, २०७९/८०मा रु चार करोड ६८ लाख २१ हजार दुई राजस्व सङ्कलन भएको थियो । कोरोना कालमा घटेको घरजग्गा किनबेच विस्तारै लयमा फर्किन थालेपछि राजस्व सङ्कलनमा सुधार भएको मालपोत अधिकृत श्रेष्ठको भनाइ छ । आर्थिक वर्ष २०७८/७९मा रु पाँच करोड चार लाख ८४ हजार ९१०, २०७७/०७८ रु पाँच करोड ११ लाख तीन हजार ६०० र २०७६/७७मा रु तीन करोड २९ लाख ४३ हजार ८० राजस्व सङ्कलन भएको थियो ।

गत आर्थिक वर्षमा रजिष्ट्रेशन शूल्क वापत रु दुई करोड आठ लाख ८६ हजार २७२, पुजिँगत लाभकर शिर्षकमा रु दुई करोड ३१ लाख ५५ हजार ४४०, न्यायिक दस्तर, दण्ड जरिवाना, रोक्कावापत रु एक करोड ३९ लाख ८३ हजार ७५६ र सेवाशूल्क र प्रशासनिक दस्तुर शीर्षकमा रु ८० हजार ४४३ राजस्व सङ्कलन भएको छ ।

# जन्म दिनमा बृद्धाश्रमलाई सहयोग

**पोखरापत्र संवाददाता**
पोखरा, ३१ साउन



पोखराकी एक व्याक्तिले बृद्धाश्रममा रहेका बृद्धबृद्धा संगै बसेर जन्मदिन मनाउदै वृद्धाश्रमलाई सहयोग गरेकी छन् ।

शनिवार पोखरा १५ निवासी गगां त्रिपाठीले आफ्नो जन्मदिनको अवसर पारेर पोखरा १७ सितापाइलामा रहेको पोखरा बृद्धाश्रममा रहेका ४० जना बृद्धबृद्धाहरुलाई बेलुकिको खाना खुवाउनुका साथै १५ हजार रुपैँया र लत्ताकपडा सहयोग गरेकि हुन् । उनले बृद्धाश्रममा रहेका आमा बुबाको साथमा केहि क्षेण बिताउन पाउँदा र खाना खुवाउदा पुण्य मिल्ने बताइन् । यस्तै त्रिपाठीले सामाजिक काम गर्न पाएकोमा खुसी ब्यक्त गर्दै आगामी दिनमा पनि सामाजिक कामलाई निरन्तरता दिने उल्लेख गरिन् । बृद्धाश्रममा सहयोग गरको प्रति धन्यबाद ब्यक्त गदै संस्थाका अध्क्षय कुसुम केसव पराजुली, कोषध्यक्ष मित्र प्रसाद सुवदी लगाएतले धन्यबाद ब्यक्त गर्दै पछिल्लो समय युवा पुस्ताहरुले जन्मदिनको अवसरमा साथीभाइ जम्मा गरी विभिन्न रेष्टुरेण्ट तथा पार्टी प्यालेसमा रमाइलो गरी फजुल खर्च गर्ने प्रचलन रहेको र त्यसो गर्नुभन्दा आश्रममा रहेको वेसहारा वुवा आमाहरुलाई सानै भएपनि सहयोग गर्न सकेको खण्डमा पुण्य प्राप्त हुने वताए।२०५३ सालमा स्थापना भएको बृद्धाश्रममा हाल ४० जना बृद्धबृद्धाहरु अश्रित रहेका छन् ।

# दाताको दुई करोड सहयोगमा राधाकृष्ण मन्दिर निर्माण

**पोखरापत्र संवाददाता**
बागलुङ, ३१ साउन



अन्तरराष्ट्रिय कृष्णभावनामृत सङ्घ (इस्कोन गण्डकी) परियोजनाले बागलुङमा दाताको सहयोगमा राधाकृष्ण मन्दिर निर्माण गरेको छ । बागलुङ नगरपालिका-१ मालढुङ्गास्थित खुदुर्केमा मन्दिर तथा सभाहल निर्माण गरिएको छ ।

मन्दिरको शनिबार श्रीकृष्ण जन्माष्टमीका अवसरमा प्रभु पत्रीदास र महाविष्णु महाराजको बाहुलीबाट उद्धाटन गरिएको हो । इस्कोनका सदस्य तथा दानमुठी गर्ने भक्तजनबाट सङ्कलित रकमबाट रु दुई करोड ५० लाखभन्दा बढी रकम खर्चेर सुविधासम्पन्न सभाहलसहित मन्दिर निर्माण गरिएको हो । इस्कोन बागलुङका संस्थापक अध्यक्ष परमेश्वर अच्युतदासले दानमुठीकै भरमा सयौँ वर्ष पुरानो यहाँको लक्ष्मीनारायण मन्दिर पनि जीर्णोद्धार गरिएको छ । यहाँको लक्ष्मीनारायण गुठीको १७ रोपनी जग्गामा इस्कोन गण्डकीको कृष्णगण्डकी परियोजना सञ्चालनमा छ ।

परियोजनाको पहिलो चरणमा राधाकृष्ण मन्दिर र सत्सङ्ग हल निर्माण गरेर उद्धाटन गरिएको भए पनि परियोजना सम्पन्न गर्न र रु ४३ करोडको डिपिआर बनाइएको छ । तीन वर्षअघि निर्माण भएको डिपिआरअनुसार कृष्णगण्डकी परियोजनामा शालग्राम भगवान्को दर्शन गर्न स्नान गर्ने, अतिथि आवास गृह, सभाहल, मन्दिर, साकाहारी भोजनालय र धर्मशाला निर्माण गरिनेछ । कालीगण्डकी र शालग्रामको महत्व बुझाउनका लागि गण्डकी स्नानकक्षसहित कालीगण्डकी किनारमै ध्यानस्थल पनि बनाइनेछ । साउन २५ देखि ३१ गतेसम्म साताव्यापी कार्यक्रम गरेर जन्माष्टमी मनाइएको छ ।

